# विश्वविद्यालय अनुदान आयोग
## शैक्षिक गुणस्तर सुनिश्चितता तथा प्रत्यायन परिषद्

सानोठिमी, भक्तपूर, नेपाल ।

सुचना प्रकाशन मितिः २०८०/०८/१८

**गुणस्तर अभिवृद्धि (Quality Enhancement) कार्यक्रममा सहभागिताका लागि आवेदन पेश गर्ने सम्बन्धमा ।**

विश्वविद्यलाय अनुदान आयोग अन्तर्गत सञ्चालित उच्च शिक्षामा विशिष्टताको प्रवर्द्धन कार्यक्रम (Nurturing Excellence in Higher Education Program, NEHEP) को Result Area २ अन्तर्गतका Sub Result Areas मध्ये गुणस्तर अभिवृद्धि (Quality Enhancement) कार्यक्रममा सहभागिताको लागि यस आयोगबाट गुणस्तर प्रत्यायनकृत भई देहायको योग्यता पूरा भएका उच्च शैक्षिक संस्थाहरु (विश्वविद्यालयका केन्द्रीय विभाग, आंगिक वा सामुदायिक क्याम्पस)ले २०८० माघ १७ गतेसम्म कार्यालय समयमा आवश्यक कागजात सहित यस आयोगमा आवेदन पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

### आवेदनका लागि योग्यता

क) विश्वविद्यालय अनुदान आयोगबाट पहिलो चक्रको लागि गुणस्तर प्रत्यायनकृत भई आवेदन दिने अन्तिम मितिसम्म एक वर्ष पूरा भइसकेका र दोस्रो वा सो पछिका चक्रहरुका लागि प्रत्यायनकृत भइ प्रत्यायन प्रमाणपत्र प्राप्त गरिसकेको उच्च शैक्षिक संस्थाहरु ।
ख) यस आर्थिक वर्षको अन्त्यसम्म प्रत्यायनको अवधि कायम रहेका उच्च शैक्षिक संस्थाहरु ।
ग) गत आ.व.मा गुणस्तर अभिवृद्धि कार्यक्रममा सहभागी भइ केही सुचकहरुमा अनुदान प्राप्त गरेका तर हाल प्रत्यायनको अवधि समाप्त भइसकेका संस्थाको हकमा पूनः प्रत्यायनका लागि आवेदन दिने अन्तिम मितिसम्म आयोगमा स्व-अध्ययन प्रतिवेदन पेश गरिसकेको उच्च शैक्षिक संस्थाहरु । तर अघिल्लो आ.व. मा कार्यक्रममा सहभागिताका लागि आवेदन नदिएका संस्थाको हकमा यो व्यवस्था लागू नहुने ।

### आवेदनका शर्तहरु

NEHEP सम्बद्ध कार्यसञ्चालन निर्देशिका (Operations Manual) को परिच्छेद ५.२ मा भएको व्यवस्था अनुसार आवेदन पेश गर्दा निम्न शर्तहरु पूरा गरेको हुनुपर्नेछ :
क) स्नातकोत्तर तह सञ्चालनमा रहेका उच्च शैक्षिक संस्थाहरुले विषयगत विधाहरु मध्ये १ देखि ३ सम्मका प्रत्येक विधाबाट कम्तिमा २ वटा सूचकहरुमा दाबी पेश गर्नुपर्नेछ ।
ख) स्नातक तह मात्र सञ्चालनमा रहेका उच्च शैक्षिक संस्थाहरुले अनुसन्धान, विकास तथा नवप्रवर्त्तन विधाबाट कम्तिमा १ वटा सहित समग्रमा कम्तिमा ६ वटा सूचकमा दाबी पेश गर्नुपर्नेछ ।
ग) विषयगत विधा ४ बाट दाबी पेश भएको खण्डमा सो दाबी शैक्षिक गुणस्तर सुनिश्चितता तथा प्रत्यायन परिषद् वा सो ले तोकेको समितिबाट स्वीकृत भएपछि मात्र गणना हुने भएकाले यसको हकमा पूर्व स्वीकृति लिनुपर्नेछ । पूर्वस्वीकृति सहित दाबी पेश भएको खण्डमा स्नातकोत्तर तह सहितका संस्थाले विषयगत विधा २ को कम्तिमा १ वटा सहित कम्तिमा ५ वटामा र स्नातक तह मात्र सञ्चालित संस्थाले समग्रमा कम्तिमा ५ वटा सूचकमा दाबी पेश गर्नुपर्नेछ ।

कार्यसञ्चालन निर्देशिका (Operations Manual) आयोगको वेवसाईटमा उपलब्ध रहेको व्यहोरा समेत अनुरोध छ ।

थप जानकारीका लागि


**शैक्षिक गुणस्तर सुनिश्चितता तथा प्रत्यायन परिषद्को सचिवालय**

विश्वविद्यालय अनुदान आयोग

सानोठिमी, भक्तपुर, नेपाल

इमेल : qaad@ugcnepal.edu.np, पोस्ट बक्स नम्बरः १०७९६ (काठमाडौं, नेपाल)

फोन : ०१-६६३८५४८/४९/५०/५१, फ्याक्स : ०१-६६३८५५२